पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
बिराटनगर, नेपाल ।

प.स.च.नं.: ...../०८३-०८४

मिति : २०८३/०६/१३

श्री क्याम्पस प्रमुख/ डाईरेक्टरज्यू,
एम.एड. अध्यापन गराउने सम्पूर्ण क्याम्पस/ कलेजहरू ।

विषयः- **परीक्षाको अनलाईन आवेदन फाराम भराउने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा बि.सं. **२०८३** साल **(सन २०२६)** मा सञ्चालन हुने **शिक्षा शास्त्र संकाय** अन्तर्गत वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकोत्तर तह **दुई वर्षे एम. एड.** शैक्षिक कार्यक्रमको **दोश्रो वर्षको नियमित तथा आंशिक** तर्फ त्यस स्कूल/क्याम्पस/कलेजमा अध्ययन गरीरहेका विद्यार्थीहरूलाई **मिति २०८३।०७।१३** गते सम्म **परीक्षाको अनलाईन आवेदन फाराम** भर्न/भराउन सुचित गरिन्छ । विद्यार्थीहरूले अनलाइन परीक्षा फाराम भरीसकेपछि/भराईसकेपछि यस कर्यालयको नविल बैक लि.को A/C 00710017518402 मा नियमानुसारको **परीक्षा तथा सम्बन्धन** शुल्क वापतको रकम **मिति २०८३/०७/१६ गते (2 November 2026)** भित्र जम्मा गरी सो को सक्कल भौचर **पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजको प्रतिनिधि मार्फत मिति २०८३/०७/१८ गते भित्र उपलब्ध गराउन जानकारी गराइन्छ ।** उक्त मिति सम्म परीक्षा आवेदन फाराम भर्न छुट भएका विद्यार्थीहरुले विश्वविद्यालयको नियमानुसार थप विलम्ब शुल्कमा परीक्षा फाराम भर्न सकिने जानकारी गराईन्छ । तत्पश्चात अनलाइन फाराम स्वतः बन्द हुनेछ ।

परीक्षा आवेदन फाराम **https://examform.puexam.edu.np/examregistration/** वा **www.puexam.edu.np** मा भएको **Exam** मेनु भित्रको **Exam form** क्लिक गरी भर्न सकिने छ । साथै तपसिल बमोजिमको निर्देशनहरू अनिवार्यरुपमा पालन गर्नहुन समेत जानकारी गराईन्छ ।

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी अपलोड गर्नु पर्नेछ ।

(२) सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरूले परीक्षा आवेदन फाराम अपलोड गर्दा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको विषयगत संख्या (Subject-wise Data) Batch अनुसार अनिवार्य खुलाउनु पर्ने छ ।

(३) परीक्षार्थीहरूले परीक्षा फाराम भर्दा केही प्राविधिक समस्या आएमा अविलम्ब सम्बन्धित स्कूल/क्याम्पस/कलेजमा सम्पर्क गर्नु पर्नेछ ।

(४) परीक्षा आवदेन फाराम भर्दा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(५) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराम भर्दा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।– शुल्क बुझाई विषय सच्याउन सकिने छ ।

(६) सम्बन्धित स्कूल/क्याम्पस/कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीको परीक्षाफल रद्द गरिनेछ ।

(७) नियमानुसार विश्वविद्यालयलाई बुझाउनु पर्ने **परीक्षा तथा सम्बन्धन** शुल्क प्राप्त नभएमा परीक्षा फारामहरू स्वीकृत गरिने छैन ।

(८) **परीक्षा शुल्क देहायबमोजिम हुनेछ-**

विवरण	शुल्क
१. **नियमित/ आंशिक** प्रति बर्ष/ प्रति विद्यार्थी (२०२० समुह देखि)	रु.२१००।-
२. आंशिक प्रति बर्ष/ प्रति विद्यार्थी (२०१६ समुह देखि)	रु.११००।-
बिलम्ब शुल्क	
३. तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र	रु.१०००।-
४. परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म	रु.२०००।-
५. परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म	रु.३०००।-
सम्बन्धन शुल्क (नियमित प्रति बर्ष/ प्रति विद्यार्थी) २०२३ समुह देखि :	**रु.६०००।-**

क्र.सं. ४ र ५ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरुहुने परीक्षालाई शुरु भएको दिन मानिने छ ।

सह-परीक्षा नियन्त्रक